केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२२/०७०/७१ मितिः २०७०/११/२७

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि विदेशी लगानी सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

इजाजतपत्रप्राप्त संस्थामा विदेशी लगानी सम्बन्धमाः-

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम कुनै विदेशी बैङ्क वा वित्तीय संस्थाले मात्र इजाजतपत्रप्राप्त संस्थामा लगानी गर्न सक्ने छन्।

२. यो निर्देशन जारी हुनु पूर्व कुनै विदेशी बैङ्क वा वित्तीय संस्था बाहेक अन्य विदेशी व्यक्ति वा संस्थाको इजाजतपत्रप्राप्त संस्थामा लगानी रहेको अवस्थामा त्यस्तो लगानी विदेशी बैंक, वित्तीय संस्था वा नेपाली व्यक्ति, संस्थालाई बिक्री गरी नियमित गर्नुपर्ने छ।

३. उपबुँदा नं. (२) बमोजिम बिक्री गरिसक्नु पर्ने समयावधी २०७२ असार मसान्त कायम गरिएको छ।

४. उपबुँदा नं. (३) मा उल्लिखित समयावधिभित्र त्यस्तो लगानी नियमित नभएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण गरिने नगद लाभांश तथा बोनस शेयर रोक्का हुने र सम्बन्धित संस्थाबाट जारी गरिने हकप्रद शेयरमा सहभागी हुन बन्देज लगाइएको छ।

५. कुनै विदेशी बैङ्क वा वित्तीय संस्थाको लगानी रहेको कारणबाट इजाजतपत्रप्राप्त संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७ बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि आफ्नो कुल जारी पुँजीको कम्तीमा तीस प्रतिशत शेयर छुट्याउनु पर्ने व्यवस्थामा छुट पाई कुनै कारणवश विदेशी लगानी फिर्ता लगी नेपाली व्यक्ति वा संस्थालाई बिक्री गरेको अवस्थामा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले एक वर्षभित्र सर्वसाधारण शेयरको हिस्सा कम्तीमा तीस प्रतिशत पुर्‍याउनु पर्ने छ। हाल कुनै इजाजतपत्रप्राप्त संस्थाले उक्त दफाको पालना गर्न बाँकी भएको अवस्थामा २०७२ असार मसान्तभित्र सर्वसाधारण शेयरको हिस्सा कम्तीमा तीस प्रतिशत पुर्‍याउनु पर्ने छ।

६. इजाजतपत्रप्राप्त संस्थाको बैदेशीक स्वामित्वमा रहेको शेयर खरिद र बिक्री गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ।

भवदीय,

(पूर्णबहादुर खत्री)
का.मु. कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौं।